## हाम्रोमत सम्पादकीय

# सीमामा भारतीय बलमिच्याइँ

*अन्तर्राष्ट्रिय सीमा नाका ज्यादै संवेदनशील क्षेत्र मानिन्छ । अझ खुला सीमा भएका नेपाल र भारतका सीमा नाकाहरु त झनै संवेदनशील क्षेत्र हुने नै भए । यही खुला सीमामा अनेकौं विवाद र झमेलाहरु बारम्बार आउने गरेका छन् । नेपाल–भारत सीमामा भारतीय बलमिच्याइँ सधैं दोहोरिने गरेको छ । यही क्रममा विराटनगर भन्सार कार्यालय रानीको १ नं. गेट छेउमा भारतीय पक्षले नेपालतिर फर्काएर दुईवटा सिसीटिभी राखेर नेपाली भूभागको गुप्तचरी गरिरहेको पाइएको छ । सीमा नाकाहरुमा यसरी अर्को मुलुकको भूभागको गुप्तचरी गर्न अन्तर्राष्ट्रिय कानूनले वर्जित गरेको भए पनि भारतले त्यही काम गर्नु उसको बलमिच्याइँको प्रमाण हो ।*

*नेपाली भूभागका सम्पूर्ण गतिविधि कैद गर्ने उद्देश्यले यसरी सिसिटीभी राख्ने त्यही भारतीय पक्ष हो, जसले साउन पहिलो सातामात्रै नेपाली भूभागमा नाला र कल्भर्ट बनाउन रोक लगाएको थियो । नेपाली भूमिमै भौतिक संरचना निर्माणमा अवरोध गर्ने भारतीय पक्षले संवेदनशील क्षेत्रमा आफैं खुलेआम गुप्तचरी गर्नु आपत्तिजनक छ । नेपाली पक्षले भारतीय पक्षलाई तत्काल यसबारे आफ्नो धारणा राखेर सिसिटिभी हटाउन लगाउनुपर्छ । नेपाली भूमिको खुलेआम गुप्तचरी गर्ने अनुमति अर्को मुलुकलाई दिइनु हुँदैन ।*

*यो मामिलामा नेपाली सुरक्षा अंगको मौनता सबैभन्दा उदेकलाग्दो छ । भारतीय पक्षले भदौ २ मै दशगजा क्षेत्रमा सिसीटिभी राखेको थियो । विराटनगर रानी भन्सार कार्यालय बाहिरको सम्पूर्ण दृश्य देखिने सिसिटीभी यसरी राखेको थाहासमेत नपाउने सशस्त्र प्रहरी नेतृत्व (जो सीमा सुरक्षाको जिम्मा लिएको सुरक्षा निकाय पनि हो) ले सीमा सुरक्षा कसरी गरिरहेको छ गम्भीर प्रश्न खडा भएको छ । फिल्डमा खटिएका प्रहरीले देख्ने तर सशस्त्रको जिल्ला र प्रदेशको नेतृत्व यसबारे बेखबर हुने कुरा संगतिपूर्ण छैन । सशस्त्र प्रहरी होस् अथवा उसलाई परिचालन गर्ने प्रशासनिक नेतृत्व गर्ने जिल्ला प्रशासन कार्यालय, दुवैले यसबारे गम्भीर बन्नुपर्छ । अब प्रशासनिक वा राजनीतिक तहबाटै भारतीय पक्षलाई उक्त सिसिटिभी हटाउन भन्नुपर्छ । अन्यथा संवेदनशील सीमा क्षेत्रको सम्पूर्ण गतिविधि अर्को मुलुकले निर्धक्क भिडियोमा कैद गरिरहनेछ ।*

*यसैपनि दुई देशको सीमा क्षेत्रको दशगजामा कुनै पनि पक्षले केही पनि गर्न नपाउने प्रावाधान छ । तर, भारतीय पक्षले दादागिरी शैलीमा दशगजा क्षेत्रमा सिसीटिभी राखेर नेपालतर्फको निगरानी र सुरक्षा अवस्थाको बारेमा बुझ्ने गरेको छ । यो नेपाली पक्षको गम्भीरता अभावको परिणाम त हो नै भारतीय पक्षको दादागिरीको नतिजा पनि हो । यसलाई सच्याउन लगाउन नेपाली पक्ष सक्षम बन्नुपर्छ ।*

# विद्रोहको झण्डा उठाउनु बाध्यता हो



■ मणि दाहाल

श्रृंखलाबद्ध अन्तरसंघर्षका अनगिन्ति प्रयासहरुको बाबजुद पनि एमालेलाई दक्षिणपन्थी अवसरवाद र बिसर्जनवादको दलदलबाट निकाल्न सकिएन । सैद्धान्तिक रुपमा बिचलित, राजनीतिक रुपमा बिचार शुन्यता र कार्यभारबाट पथबिमुखता एमालेको विशेषता बन्यो । केपी ओलीको भष्मासुर प्रवृतिले नेकपालाई जबरजस्त बिभाजन गरायो । दुईतिहाई जनमतसहितको नेकपाको सरकार इतिहासकै बद्नाम र भ्रष्ट सरकारको रुपमा परिचित बन्यो । जनताबीचका प्रतिबद्धताहरुलाई पुरा गर्न सकिएन । नवौं महाधिबेशनले तय गरेको कार्यभार र कार्यनीति खोपीको देउता बनेर बहुदलीय जनवादलाई मागिखाने र ठगिखाने भाँडोमा रुपान्तरण गरियो । कम्युनिष्ट भनेर जनतासामु मुख देखाउन सक्ने अवस्था बनेन ।

बिधि बिधान र पद्दति सबैलाई तिलाञ्जली दिइयो । पार्टीका तहगत संरचनाहरु पथभ्रष्ट र मतिभ्रष्टहरुको परेडस्थल बन्यो । विवेकलाई पाखुरीले बन्धक बनायो । आवधिक सरकार र सदनको मुल मान्यतामा केपी ओली चल्न सक्नुभएन । पटकौंसम्म सदन बिघटन गरियो । संबिधानलाई खेलौना बनाएर मुलुकलाई घोर प्रतिगमनमा धकेल्ने काम भए । जनताका अधिकारहरु संकुचन भए । प्रतिगमनका बिरुद्धमा जनता सडकमा उत्रन बाध्य हुनुपर्‍यो । जनजीविका झन् कष्टकर बन्दैगयो । महंगी, भ्रष्टाचार, कालोबजारी र कृतिम अभाब सामान्य बन्यो ।

पार्टीमा बैचारिक कोपिलाहरु फुल्ने वातावरण बन्न सकेन । बिचारहरु निषेधित भए । अग्रजहरु अपमानित भए । उनीहरुलाई मुल प्रबाहबाटै अलग गरियो । बहुदलीय जनवादको फेटा र सूर्य चिन्हको गलबन्दीमा देशमा लुट र पार्टीमा गुटको साम्राज्य खडा गरियो । अध्ययन, चिन्तन र विश्लेषणबिनाको भुत्ते भिड एमालेको संगठनिक सिद्धान्त बन्यो । ब्यक्तिवाद र स्वेच्छचारिताको ताली मुल अनुशासन बन्यो । स्वास्थ्य, शिक्षालगायत अनेकौं क्षेत्रका माफिया नाइकेहरु पार्टीका हर्ताकर्ता बने । असलर योग्य कार्यकर्ता अनि बैचारिक तथा जुझारु संगठनको सिद्धान्त देखाउने दाँत बन्यो । गल्तीलाई आँखा चिम्लेर ताली नठोक्नेको गुञ्जायस भएन ।

निष्टा, इमान, नैतिक आचरण, प्रतिबद्धताको परिपालन नीति अनि नेतृत्व राजनीतिका मुल विशेषताहरु हुन् । एमालेमा उल्लेखित कुनै विशेषताको अंशसम्म रहेन । तुक्का, मुक्का र बा पथीय तालीवादका नवदासहरुले पार्टीभित्रका उल्लेखित सम्पूर्ण ज्यादती र गैरराजनीतिक आचरणलाई बेठिक भन्ने हिम्मत गरेनन् । स्वार्थमा विवेक बन्धक गरे । श्रमजीबी तथा मेहनतकस जनताको आशामा तुषरापातको अवस्था सृजना भयो । उनीहरुमा नेतृत्वबिहिनताको नैराश्यता पलायो । यस्तो विषम् परिवेशमा निष्टा र इमानका संवाहकहरुका सामु दुई मात्र विकल्प थिए । पहिलो यथास्थितिको स्वीकारोक्तिको आत्मासमर्पण । दोस्रो बिद्रोह । जनताका प्राप्त अधिकारको संरक्षण गर्दै थप उपलब्धि प्राप्तिको लागि बिद्रोहको बिकल्प रहेन । नेकपा एकीकृत समाजवादी बन्यो ।

अहिले नेकपा एकीकृत समाजवादीको बारेमा अनेकौ भ्रमहरु सृजना गर्ने काममा एमालेका कथित साइबर सेनाहरु ज्यान फालेर लागेका छन् । उनीहरु पार्टी अध्यक्ष माधबकुमार नेपालकौ बारेमा अनेकौ कृत्रिम आक्रमणले जनमानसमा भ्रम खडा गर्न सक्रिय छन् । शाही कालमा तत्कालीन सात दलीय गठबन्धनका नेता स्व.गिरिजाप्रसादको प्रस्ताब र दलीय गठबन्धनको समर्थनमा माधबकुमार नेपाललाई प्रधानमन्त्रीको रुपमा प्रस्ताव गरि सोहि अनुसार दरबारमा दाबी पेश गर्ने निर्णयलाई अतिरञ्जीत गरिरहेका छन् । अर्थात अनेकौं कोणबाट माधब नेपाललाई अपराधी करार गरेर उनीहरुको लुट र फुटको आवरण छोप्न ब्यस्त छन् । त्यसकारण यस्ता सवालहरुमा कार्यकर्ताहरु सजग भएर उनीहरुसँग बैचारिक प्रतिवाद गर्न तयार रहनुपर्छ । जनतामा फैल्याएका भ्रमहरुलाई जनताबीचमै गएर चिर्ने प्रयास गर्नुपर्छ ।

यसका साथै दुईतिहाइको सरकार गिराउने, पार्टी फुटाउने, प्रचण्डको पाउ पर्ने, शेरबहादुरको आदेशपालक बन्ने जस्ता अनेकौं मनोगत प्रचार शैलीबाट नेकपा समाजवादी पार्टी र नेतृत्वको बारेमा गलत प्रचार अभियान थाल्नु नै यतिखेर एमालेजनको दैनिकी बनेको छ । ल ! मानिलिउ माधब नेपालले सबै अपराध गरे । त्यसो हो भने गिरिबन्धु टि स्टेट विर्तामोड झापाको खरबौ मूल्य पर्ने ३७१ बिगा राजकीय जमिन भूमि प्रशासन नियमावली २०२१ लाई रातारात संशोधन गरेर भू माफियालाई जिम्मा लगाउने काम पनि माधब नेपालकै हो ? ओम्नी, यति, फोरजी, वाइडबडी जस्ता अनगिन्ति आर्थिक अपराध गरेर देशलाई खोक्रो बनाउने पनि माकुने नै हुन् ?

पशुपति मन्दिरमा सुनको गजुर लगाउने सस्तो लोकप्रियतावादी बहानामा ११ किलो सुन गायब गर्ने पनि माकुने नै हुन् ? बहुदलीय जनवादलाई डनवादमा रुपान्तरण गरेर मदन भण्डारी फाउण्डेशनलाई लुट र गुटको केन्द्र बनाउने पनि माकुने नै हुन् ? २०७१ सालदेखि एमालेलाई बिचारशून्य अराजनीतिक दाशहरुको केन्द्र बनाएर पार्टीका तहगत संरचनाहरुलाई स्वाँठहरुको जमातमा परिणत गरेर पार्टीलाई घोर दक्षिणपन्थी भाषमा भसाउने पनि माकुने नै हुन् ? नेकपालाई बिभाजन गर्ने पनि माकुने नै हुन् ? एमालेको बिभाजनको श्रृंखला स्वरुप २०७८ फागुणमा सय जनाको गुटीय भेलाले हजार टिकेहरु पजनी गरि बिभानजको शुरुवात गर्ने पनि माकुने नै हुन् ? भारतीय गुप्तचर संस्थाका सामन्त गोयलसँग मध्यरातमा भेट गरेर उनको पाउमा लम्पसार पर्दै कम्युनिष्ट आन्दोलनलाई प्रभुको पाउमा चडाएर देशमा राजनीतिक अस्थिरता निम्त्याउने दुईतिहाइका प्रम पनि माकुने नै हुन् ? यस्ता अनगिन्ती सवालको जवाफ प्रत्येक कार्यकर्ताले एमाले नेतृत्वसँग खोज्नुपर्छ । साथै उल्लेखित सवालहरुको बारेमा जनतालाई सुचित गर्न ढिला गर्नुहुदैन ।

> काङ्ग्रेसमा कस्तो प्रचलन छ भने पार्टीको नेताले आफू माथि पुग्न आफ्ना आसे पासे, नातेदार, कामदार र साथीभाईलाई क्रियाशील बाँड्छ । चाहे ती काङ्ग्रेसका बारेमा अन्जान, अनभिज्ञ र निरपेक्ष नै किन नहुन् ?

अबको राजनीतिक कार्यभार आम जनताको समृद्धि र सुशासनको प्रत्याभूतिको साथै समाजवादको आधारशिला खडा गर्नु हो । यो कार्यभारबाट पन्छियौ भने हामीलाई इतिहासले कदापी माफ गर्दैन । समाजवादको यात्रा लामो छ । यसको लागि कुनै दलको एकल प्रयास प्रयाप्त छैन । त्यसकारण बाम शक्तिहरुबीचको एकीकरण र अन्य लोकतान्त्रिक शक्तिहरुबीचको गठबन्धनले मात्र बृहत समाजवादी केन्द्रको निर्माण गर्न सकिन्छ । सिद्धान्तबाटै बिचलित यथास्थितिवादको पक्षपोषक एमालेको बुताबाट बृहत्तर बाम एकताको संभाबना छैन ।

त्यसकारण उसले समाजवादको मार्गचित्र दिनै सक्दैन । यतिखेर ओलीपथीय एमाले कम्युनिष्ट आन्दोलनको कलंकको रुपमा घोर फासीवादमा रुपान्तरित भएको छ । त्यसो भएको हुँदा युगिन कार्यभारलाई पुरा गर्ने सल्काएको बिद्रोहको ज्वाला बिल्कुल जनपक्षीय छ । हामी सुध्रिएर हाम्रा गलत चिन्तनहरुलाई फालेर हाम्रा जाँगरहरु जनताको बिचमा हातेमालो गर्न दृढ संकल्पित हुने हो भने नेकपा समाजवादीको भविष्य उज्जवल छ । एमालेको पतन निश्चित छ ।

# समृद्धिको आधार पर्यटनमा संभावना



■ रेवती ढुंगाना

पर्यटन क्षेत्रको विकासबिना कुनैपनि देशको विकास र समृद्धि असम्भब छ । नेपालको सन्दर्भमा त झन् यसको विकास, बिस्तार र प्रचारप्रसारको अति नै आवश्यक रहेको छ । प्राकृतिक स्रोत साधन, धार्मिक स्थलहरु, हिमालय पर्बत श्रृंखलाहरु, हिमतालताल, पोखरीहरु, बन जङ्गल, महाभारत पर्बत र त्यहाँको अनौठो हावापानी, जैबिक बिबिधतायुक्त जमिन त्यहाँ बस्ने जातजातका जन्तु जनावर र पक्षीहरु, साथै यो सानो भुगोलमा बसोबास गर्ने दर्जनौं भाषिक, साँस्कृतिक र जातीय सम्प्रदाय र तिनका कला संस्कृतिहरुले देशी बिदेशी जो कोहिलाई यहाँ मोहित पार्दछन् । यसको प्रचारप्रसारको माध्यामबाट लाखौको लागि रोजगारी सिर्जना गरि देशको सर्बाङ्गिण विकासमा मद्दत पुऱ्याउन सकिन्छ ।

प्रदेश नं. १ पनि पर्यटन विकासको अथाह सम्भाबना बोकेको प्रदेश हो । केहि क्षेत्रको म यहाँ चर्चा गर्न खोजिरहेको छु ।

**हिमश्रृंखला**

विश्वको सर्बोच्च शिखर सगरमाथा, विश्वका अग्ला हिमालमध्येका मकालु र कञ्चनजंघा जस्ता हिमाल यसै प्रदेशमा रहेका छन् । यिनीहरुको आरोहणको निमित्त देश तथा बिदेशबाट वर्षेनि हजारौं पर्यटकहरु आउने गेरका छन् । कमसेकम आन्तरिक पर्यटकहरुलाई यी तीनवटा हिमालको बेस क्याम्पसम्म वर्षेनि घुम्न जाने सहज बातावरण निर्माण गर्ने हो भने ठूलो अर्थ उपार्जनको माध्यम बन्नसक्छ ।

**महाभारत क्षेत्र**

प्रदेश नं. १ को महाभारत क्षेत्र बिचित्रको मौषमी हावापानी भएको र तरकारी, फलफुल र अन्नबालीको लागि पनि बिबिधता भएको क्षेत्रको रुपमा रहेको छ । अधिक जनसंख्या रहेको तराइको भुभाग र नजिकको भारतको बिहार तथा उत्तर प्रदेश, पश्चिम बंगालबाट नजिकै रहेकोले त्यस क्षेत्रमा तराइको मौषमी संकटको समयमा धेरै मानिसहरु सो क्षेत्रमा जाने गरेको पाइन्छ ।

होमस्टेको लागि प्रसिद्ध इलामको श्रीअन्तु, धनकुटाको भेडेटार, मोरङको जेफाले, भोजपुरको गोठसिँगे, यसै श्रृंखलामा पर्दछन् । दुनियाँको मन लोभ्याउने इलामको कन्याम, ३२ प्रजातिको गुराँसको राजधानी तिनजुरे जलजले मिल्के, संखुवासभा र तेह्रथुम, सिलौटी लभ्रेकुटी पाँचथर, ऐतिहासिक साँगुरीगढी धनकुटा, हतुवागढी भोजपुर, उदयपुरगढी उदयपुर, एभरेष्ट भिउ पोइन्ट लिम्चिमबुङ उदयपुर, ट्याम्के डाँडा भोजपुरलगायतका घुम्नैपर्ने पर्यटकीय स्थलहरु रहेका छन् । यी स्थानहरुसम्म पुग्न चाहनेहरुको लागि सामान्यतया सडक र खाने बस्ने ठाँउहरुको सुबिधा पाउन सकिन्छ ।

**धार्मिक क्षेत्र**

उच्च हिमाली जिल्लाहरु ताप्लेजुङ, संखुवासभा र सोलुखुम्बुमा प्रसस्त मात्रमा गुम्बाहरु निर्माण भई सञ्चालनमा रहेका छन् । सडक सञ्जालको पहुँच नभएका ठाउँका गुम्बाहरु भने हिमालय पर्वतको भ्रमण गर्दा बाटोमा भेटाइन्छन् । कलात्मक र भब्य देखिने यस्ता गुम्बाहरु पर्यटकहरुको अवलोकनको रोजाइमा पर्ने गरेका छन् । प्रसिद्ध धार्मिकस्थल पाथिभरा ताप्लेजुङ, हलेसी महादेवस्थान खोटाङ, बराह क्षेत्र, पिण्डेश्वर, बुढासुब्बा, रामधुनी सुनसरी, छिन्ताङ देबि धनकुटा, सिद्धकाली मन्दिर संखुवासभा र भोजपुर, किच्चकबध, अर्जुनधारा झापा, मनकामना संखुवासभा जस्ता धेरै आन्तरिक तथा बाह्य पर्यटकको रोजाइको धार्मिक पर्यटकीय स्थलको रुपमा विकसित तथा स्थापित भएका छन् ।

ताल र पोखरी

सोलुखुम्बुको सोलुदुधकुण्ड, संखुवासभाको सभापोखरी, गुफापोखरी, इलामको माईपोखरी, धनकुटाको राजारानी ताल, सुनसरीको बर्जु ताल तथा अमाहा पोखरी पर्यटकहरुको रोजाइमा घुम्न लायक स्थानको रुपमा रहेका छन् ।

**झरनाहरु**

नेपालको सबैभन्दा लामो ह्यातुङ झरना तेह्रथुम पर्यटकहरुको ब्यग्र प्रतिक्षामा बसेको पाइन्छ । धनकुटाको नमस्ते झरना अत्यधिक पर्यटकको रोजाइको झरना रहेको छ । भेडेटारबाट नजिकै रहेको सो झरना भेडटारको बिचित्रको मौषममा रमाउन जाने पर्यटकहरुको पुग्नैपर्ने ठाउँको रुपमा स्थापित रहेको छ । धनकुटाको महालक्ष्मी नगरपालिकाको लेगुवा झरना पर्यटकको पर्खाइमा छटपटाइरहेको अर्को झरना रहेको छ ।

**समदाय नियन्त्रित संरचना**

झापाको दोमुखा क्षेत्र, मोरङको बेतना सिमसार तथा बेतिनी सिमसार, सुनसरीको तालतलैया तथा कोशीटप्पु क्षेत्र बाह्रै महिना पर्यटकहरुको घुइचो लाग्ने क्षेत्रको रुपमा समुदाय स्तरबाट सञ्चालित र बिकास भएका छन् ।

**संस्कृति**

यहाँ बिभिन्न जातजाति, भाषाभाषि र संस्कृति रहेका छन् । लिम्बू समुदायको च्याब्रुङ, राई समुदायको चण्डी नाच, ब्राम्हणहरुको बालन, मगरहरुको हुर्रा, नेवार समुदायको लाखे, थारु, सरदार, मेचे, बाँतरलगायतका बिभिन्न समुदायका साँस्कृतिक भेषभुषा, रहनसहन र कलाले यो प्रदेश घुम्न आउने जो कोहि मोहित हुन्छन् ।

> प्रदेश नं. १ को महाभारत क्षेत्र बिचित्रको मौषमी हावापानी भएको र तरकारी, फलफुल र अन्नबालीको लागि पनि बिबिधता भएको क्षेत्रको रुपमा रहेको छ ।

**पदमार्ग**

दाताहरुको समेत लगानीमा भोजपुर खोटाङलगायतका जिल्लाहरुको उच्च भुभागको रमणीय दृश्यावलोकन गर्न मिल्नेगरिको मुन्धुम ट्रेल नामको पदमार्ग निर्माण भइरहेको छ । यो मौषम उक्त पदमार्गमा पदयात्रको लागि अतिउत्तम रहेको छ ।

अन्त्यमा

प्रदेश नं. १ को राजधानी विराटनगरबाट माथि उल्लेख गरिएका क्षेत्रसम्म सहजै रुपमा भ्रमणमा जान सकिन्छ । बाहिरबाट आउने पर्यटकहरुले विराटनगर बिमानस्थलको प्रयोगसमेत गर्न सक्छन् । सुबिधा सम्पन्न होटल तथा लजको सुबिधा विराटनगरमा पाइन्छ भने नजिकै रहेको इटहरी र धरानसमेत पर्यटकको रोजाइमा पर्ने गरेका स्थानहरु रहेका छन् ।

उल्लेखित क्षेत्रहरुको विकास बिस्तार र प्रचारप्रसारको लागि प्रदेश सरकार र स्थानीय सरकारले पहल गर्ने गरेको भएपनि पर्याप्त भने छैन । समुदायस्तर, कृषि उद्यमी, होटल तथा पर्यटन ब्यवसायी, संचार क्षेत्र, सरकारी संयन्त्र, निजी क्षेत्र र सहकारीसमेत यस कार्यमा हालेमालो गरेर लाग्ने हो भने जनताको जीवनस्तरमा परिवर्तन गर्न र मुलुकको सम्बृद्धि हासिल गर्न खासै समय लाग्दैन । पर्यटन विकासको लागि सरकारी भेला, सम्मेलन र गोष्ठीले मात्रै सम्भब छैन ।

# नेप्से चार महिनाअघिको न्यूनतम् बिन्दुमा

◆ हाम्रोमत संवाददाता

*विराटनगर, ११ असोज*

साताको दोस्रो कारोबार दिन नेप्से परिसूचक २.६५ प्रतिशत घटेर बन्द भएको छ । पछिल्लो करिब साढे ४ महिनाको न्यूनतम विन्दु हो । यसअघि गत बैशाख ३० गते नेप्से २६८४.०१ विन्दुमा बन्द भएको थियो । सोमबार नेप्से परिसूचक ७३.०५ अंक घटेर २६८५.४१ विन्दुमा बन्द भएको छ । यस दिन सेन्सेटिभ इण्डेक्स १२.९४ अंक घटेर ५०६.३३ विन्दुमा झरेको छ भने फ्लोट इण्डेक्स ५.२४ अंक र सेन्सेटिभ इण्डेक्स ४.५४ अंक घटेको छ ।

यस दिन नेप्से ओरालो लागेसँगै कारोबार रकम पनि घटेको छ । यसदिन २२७ कम्पनीको ५ अर्ब १२ करोड ९ लाख ७३ हजार रुपैयाँ बराबरको १ करोड ४ लाख ७८ हजार कित्ता शेयर खरिदबिक्री भएको छ । अघिल्लो कारोबार दिन बजारमा साढे ६ अर्बको शेयर कारोबार भएको थियो ।

घटेको बजारमा यस दिन दुई कम्पनीको शेयरमूल्य सकारात्मक सर्किट लेभलमा कारोबार भएको छ । यस दिन मनकामना स्मार्ट लघुवित्त र मैलुङ्ग खोला जलविद्युत कम्पनीको शेयर करिब १० प्रतिशत बढेको छ । त्यसैगरी, यस दिन गोर्खाज फाइनान्सको शेयरमूल्य ६ प्रतिशत बढेको छ । कारोबारमा आएका गुडविल फाइनान्स, युनाइटेड इदी मार्दी, नेपाल फाइनान्स, कालिका पावर, पोखरा फाइनान्स र नेपाल हाइड्रो डेभलपर्सको शेयरमूल्य ७ प्रतिशतभन्दा बढी घटेको छ । यस दिन १३ वटै उपसमूहका परिसूचक घटेका छन् ।

वित्त उपसमूहको परिसूचक सर्वाधिक ४.५३ प्रतिशत घटेको छ । त्यसैगरी, निर्जीवन बीमा, लगानी र विकास बैंकको परिसूचक ३ प्रतिशतभन्दा बढी घटेको छ । बैंकिङ्ग, होटल तथा पर्यटन, जलविद्युत, अन्य, लघुवित्त र जीवन बीमा उपसमूहको परिसूचक २ प्रतिशतभन्दा धेरै घटेको छ ।

कारोबार रकमका आधारमा यस दिन पनि अरुण भ्याली हाइड्रोपावर शीर्ष स्थानमा रहेको छ । सो कम्पनीको यस दिन करिब साढे १५ करोडको शेयर खरिदबिक्री भएको छ । त्यसैगरी, यस दिन युनाइटेड मोदी हाइड्रोपावरको साढे १३ करोडको शेयर कारोबार भएको छ ।

## केहि महत्वपूर्ण टेलिफोन नम्बरहरु

### एमबुलेन्स सेवा

- मोरङ सहकारी अस्पताल ५२३२३०, ९८४२२८२७७७
- जिसस मोरङ ५३६३५३
- निर्माण व्य. संघ ५२३८३६, ५३०५७२
- नेरेसो रंगेली ५८००४८
- चेतनशील मित्र परिषद् ९८४२२६६२३१
- नेपाल दुरसंचार सं.क. संघ ५३३३३३
- पूर्वाञ्चल नर्सिङ होम ५२३१५५
- अवधनारायण नर्सिङ होम ५२२८११
- विराट नर्सिङ होम ५२७०७१
- पथरी नर्सिङ होम ५५५३४३
- लायन्स क्लव सेन्ट्रल ५३७००१
- जीवन वि. स. कर्सिया ५६५०८८
- शनिश्चरे एम्वुलेन्स सेवा ५५५१४४
- न्युरो हस्पिटल प्रा.लि. ४१७४७५, ४१६०२४
- पोखरिया बचत एम्बुलेन्स ९८४२२७७६६६
- लाइफ गार्ड एम्बुलेन्स सेवा ९७४२०४२३३३
- ग्रामीण महिला जागरण ५३१०६५
- च्यारेटी ट्रष्ट धरान ०२५-५२१६००

### दमकल

- विराटनगर बारूणयन्त्र ४२००००
- इटहरी बारूणयन्त्र ५८०१०१
- धरान बारूणयन्त्र ५२०१९९
- इनरूवा बारूणयन्त्र ५६०१०१
- दमक बारूणयन्त्र ०२३-५८०१०१
- भद्रपुर बारूणयन्त्र ०२३-५२०१०१

### अस्पताल

- कोशी अं. अ. इमरजेन्सी ५२४२३४
- अवधनारायण नर्सिङ होम ५२२८११
- विराट नर्सिङ होम ५२२१४४
- विराट मेडिकल कलेज ४२१०६३, ४२११८२
- ब्लड बैंक ५२३३२६
- आँखा अस्पताल ५२३७०६
- मोरङ सहकारी अस्पताल ५२३२३०
- सप्तकोशी अस्पताल ४७२२९५
- न्युरो हस्पिटल प्रा.लि ४१७४८४, ४१६२६७
- नौलखा डेन्टल केयर ५२१०८२
- नेपाल क्षयरोग निवारण संस्था ५२२८२७
- लाइफ गार्ड हस्पिटल ०२१-४६३१७७

### प्रहरी

- पूर्वाञ्चल क्षे.प्र.का. ४३५००१
- जिल्ला प्रहरी ५३०३५८, ५२३९०१, १००
- जिल्ला ट्रा.प्र.का. ५३५३९९, १९९, ५३५५९९
- नगर प्र.का., विराटनगर ५२१८५०, ५३०३६७, ११०
- इ.प्र.का.,रानी ४३५३६४, १०८
- सिआरभी (CRV) १०९
- इप्र.का.,रंगेली ९८५२०९०१४४
- इ.प्र.का., उर्लावारी ५४०००२
- सिमा प्रहरी चौकी रानी ४३५८४०

### होटल

- होटल स्वागतम ४७२४५०
- होटल इष्टर्न स्टार ४७१६२६
- होटल संगम पार्टी प्यालेस ५३०४०३
- होटल एभरेष्ट ईन ४७२८४४
- होटल श्रीकृष्ण ५९०४६७
- होटल प्यासिफिक ४७१०३६
- होटल मुन ९८०२७२७७७७
- सगरमाथा पार्टी प्यालेस ४७१४९३
- दिव्यरत्न होटल ९८५२०३३२९६